नेपाल सरकार

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

# लम्की चुहा नगरपालिका

भल्का, कैलाली

## सवारी साधन आपुर्ति सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७१/०९/१९ )

यस कार्यालयलाई आवश्यक पर्ने तपशिलमा उल्लेखित सवारी साधनहरु सप्लाई गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपुर्वकको बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**वोलपत्रका शर्तहरु:**

१. वोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखावाट खरीद गर्नु पर्ने छ।

२. खरिद गरेको बोलपत्र ३१ औं दिनको १२:०० वजे सम्म सम्पुर्ण विवरण खुलाई यस कार्यालमा दर्ता गराई सक्नु पर्ने छ। दर्ता हुन आएका सिलवन्दी वोलपत्रहरु सोही दिन २:०० वजे यसै कार्यालयमा वोलपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। सो समयमा वोलपत्र दाताहरु वा निजहरुको प्रतिनिधिहरुको उपस्थिति नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

३. वोलपत्र पेश गर्दा कवोल अंकको मुल्य अधिवृद्धि कर सहितको ३ प्रतिशत रकम धरौटी वाफत लम्की चुहा नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड टीकापुर शाखामा रहेको धरौटी खाता नं. **१०७०३०००३०१L** मा नगद जम्मा गरी सो को सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त वैंकबाट यस कार्यालयको नाममा जारी भएको विड वण्ड सक्कलै वोलपत्र साथ संलग्न गर्नु पर्ने छ।

४. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्विकार गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोपत्रदाताले सिलबन्दी बोलपत्र साथ फर्म/कम्पनी/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपी, बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणाको सक्कल प्रति, आ.व. २०७०/०७१ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, बोलपत्रदाता फर्म/कम्पनीको **Power of Attorney letter**, **Manufacture Authorization letter** संलग्न गर्नु पर्ने छ।

६. वोलपत्र सर्त रहित , (छुट दिने कुरा बाहेक) केरमेट नभएको, कार्यालयले उपलव्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ।

७. समयमा प्राप्त नभएको रीत नपुगेको, सूचनाको रीत विपरित भएको वोलपत्र माथि कारवाही हुने छैन।

८. वोलपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

९. आपुर्ति गरिने सामानको आपुर्ति भएको मितिले कम्तीमा २ बर्ष सम्मको वारेन्टी अवधि हुनु पर्ने छ। उक्त अवधि भित्र साधन विग्री मालसामान फेर्नु वा मर्मत गर्नु पर्ने अवस्था आएमा आपुर्ति कर्ताको आफ्नो खर्चमा पाटपुर्जा फेरी मर्मत सम्भार समेत गरी दिन पर्ने छ।

१०. वोलपत्र सम्वन्धी कुनै कुरा वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई सम्पर्क राखी वुझ्न सकिने छ।

११. एक फर्मको नाउँमा खरीद भएको वोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाउँमा दाखिला गर्न पाइने छैन।

१२. यस सूचनामा लेखिएका कुरा यसै वमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र नेपाल सरकारको प्रचलित कानून अनुसार हुने छ।

तपसिल

| ठेक्का नं. | सवारी साधनको नाम | आवश्यक संख्या | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत |
|---|---|---|---|---|
| ०१/०७१/०७२ | **4WD Double cab pick-up with ABS** | १ (एक) थान | १०००।०० | कबोल अंकको ३ प्रतिशत |
| ०२/०७१/०७२ | **Backhoe Loader** | १ (एक) थान | १०००।०० | कबोल अंकको ३ प्रतिशत |